**नेपाल राष्ट्र बैंक**
**मौद्रिक व्यवस्थापन विभाग**

**बालुवाटार, काठमाडौं**

# नागरिक बचतपत्र २०८५ निष्काशनसम्बन्धी सूचना

नेपाल सरकारको तर्फबाट मौद्रिक व्यवस्थापन विभागद्वारा देहायबमोजिमका विशेषता एवम् व्यवस्था कायम गरी नागरिक बचतपत्र २०८५ निष्काशन गरिने भएकोले इच्छुक नेपाली नागरिकहरुले बचतपत्र खरीद गर्नको लागि आवेदन दिनुहुन अनुरोध छ ।

## १. विशेषताहरु

| | | |
|---|---|---|
| (क) बचतपत्रको नाम | : | नागरिक बचतपत्र २०८५ (५ वर्षे) । |
| (ख) निष्काशन हुने रकम | : | रु.२,८२,१४,७०,०००।-(अक्षरेपि दुई अर्ब बयासी करोड चौध लाख सत्तरी हजार मात्र) । |
| (ग) वार्षिक ब्याजदर | : | १० प्रतिशत (ब्याजकर लाग्ने) । |
| (घ) ब्याज भुक्तानी | : | ६/६ महिनामा हुने । |
| (ङ) खरीद गर्न पाउने सीमा | : | घटीमा दश हजार रुपैयाँ र बढीमा कुल निष्काशित रकमको सीमामा नबढाई रु. दश हजारले भाग गर्दा नि:शेष भाग जाने अंकमा । |
| (च) लगानी (खरीद) कर्ता | : | नेपाली नागरिकले मात्र खरीद गर्न सक्ने । |
| (छ) धितो सम्बन्धी सुविधा | : | यो बचतपत्र धितो राखी यस बैंक बाहेक अन्य बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन/दिन सकिने । |

## २. बिक्री, निष्काशन र साँवा भुक्तानी

| | | |
|---|---|---|
| (क) बिक्री खुला हुने अवधि | : | २०८० बैशाख २४ गतेदेखि जेठ २४ गतेसम्म । |
| (ख) निष्काशन मिति | : | २०८० जेठ ३० गते । |
| (ग) साँवा भुक्तानी मिति | : | २०८५ जेठ ३० गते । |

## ३. अन्य व्यवस्था

| | | |
|---|---|---|
| (क) आवेदन फारम भर्ने तथा बुझाउने प्रक्रिया | | इच्छुक खरीदकर्ताले नागरिक बचतपत्र खरीद गर्नको लागि यस बैंकको वेबसाइट *www.nrb.org.np* अन्तर्गत *Monetary Management* भित्र रहेको अनलाइन प्रणालीमार्फत् आवेदन पेश गर्न सक्ने व्यवस्था गरिएको छ । मिति २०८० बैशाख २४ गतेदेखि URL/Link: https://obss.nrb.org.np/saving/ मा राखिएको अनलाइन आवेदन प्रक्रियाअनुसार बचतपत्रको आवेदन अनलाइन प्रणालीमार्फत भर्न सकिने व्यवस्था गरिएको छ । यसका अतिरिक्त यस बैंकको वेबसाईट www.nrb.org.np/Monetary Management बाट नागरिक बचतपत्रको आवेदन फारम डाउनलोड गरी आफुलाई पायक पर्ने यस बैंकबाट बजार निर्माताको इजाजतपत्र लिएका बैंक तथा वित्तीय संस्थाहरुको सहयोग लिई अनलाईन आवेदन भर्न सकिने व्यवस्था समेत गरिएको छ । यस बैंकबाट इजाजतपत्र प्राप्त बजार निर्माताहरुको सूची यस बैंकको वेबसाईट https://www.nrb.org.np मा Monetary Management वा नागरिक बचतपत्रको प्राथमिक बिक्री प्रक्रिया (दोश्रो संशोधन २०७८) को अनुसूची-४ मा राखिएको छ । |
| (ख) ब्याज भुक्तानी लिने स्थान | : | आफूलाई पायक पर्ने बैंक बित्तीय संस्थाहरु, बजार निर्माताको इजाजतपत्र लिएका बैंक तथा वित्तीय संस्थाहरु र नेपाल राष्ट्र बैंकका प्रदेशस्थित कार्यालयहरु । |

(ग) खण्डित अवधिको ब्याज : खरीदको लागि रकम बुझाएकै मितिदेखि निष्काशन मितिभन्दा अघिल्लो दिनसम्मको तोकिएको ब्याजदरमा खण्डित अवधिको ब्याज रकम भुक्तानी दिइने ।

(घ) बचतपत्रको किसिम : स्टक वा प्रमिशरी नोटको रुपमा बचतपत्र लिन सकिने । स्टक वा प्रमिशरी नोटमध्ये आफूले लिन चाहेको प्रमाणपत्रको किसिम आवेदन फारममा खुलाउनु पर्ने । नखुलाइएको अवस्थामा प्रमिशरी नोट प्रमाणपत्र उपलब्ध गराइने । लेखपढ गर्न नजान्ने व्यक्तिलाई स्टक प्रमाणपत्र उपलब्ध गराइने ।

(ङ) आवेदन साथ पेश गर्नुपर्ने कागजात : नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, नाबालकको नाममा बचतपत्र खरीद गर्ने भएमा संरक्षकको नागरिकताको प्रमाणपत्र र नाबालकको जन्म दर्ता प्रमाणपत्रको स्वप्रमाणित प्रतिलिपि https://obss.nrb.org.np/saving/ मा अनिवार्य रुपमा upload गर्नुपर्ने वा बजार निर्माताको इजाजतपत्र लिएका बैंक तथा वित्तीय संस्थाहरुमा पेश गरी OBSS सिस्टममा upload गर्न लगाउने । लेखपढ गर्न नजान्ने व्यक्तिले आवेदन साथ उपरोक्त कागजातका अलावा आफ्नो २ प्रति पासपोर्ट साईजको फोटो समेत पेश गर्नुपर्ने ।

(च) अस्वीकृत आवेदनकर्ताको रकम भुक्तानी : रीतपूर्वक पेश नभई अस्वीकृत भएका आवेदनसाथ जम्मा हुन आएको रकम बिना ब्याज निष्काशन मितिको ७ दिनभित्र फिर्ता गरिने ।

(छ) बाँडफाँड सम्बन्धी व्यवस्था : खुला बजार संचालन समितिको निर्णयबमोजिम हुने ।

(ज) थप जानकारी : यस विषयमा थप जानकारीको लागि मौद्रिक व्यवस्थापन विभाग वा बजार निर्माताहरु वा नेपाल राष्ट्र बैंकका प्रदेशस्थित् कार्यालयहरुमा सम्पर्क राख्न हुन वा यस बैंकको वेबसाइट http://www.nrb.org.np मा Monetary management भित्र हेर्नु हुन वा फोन नं. ०१-४४१९८०४/८३५ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**नोटः** यसै सूचनालाई आधार मानी सरकारी ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार कारोबार गर्न यस बैंकबाट इजाजतपत्र लिएका बजार निर्माताहरुले उक्त बचतपत्रको बिक्री वितरण बैंकको वेबसाइटमा राखिएको नागरिक बचतपत्रको बिक्री प्रक्रिया तथा यसै सूचना साथ OBSS सिस्टममा नागरिक बचतपत्रको आवेदन प्रक्रिया संलग्न गरिएको Citizen Saving Bond Client End User Guide अनुसार गर्न गराउन हुन तथा यस सम्बन्धमा नेपाल राष्ट्र बैंकका प्रदेशस्थित कार्यालयहरुले आवश्यक सहजीकरण गरिदिनुहुन अनुरोध छ ।